श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी

लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईं

फैसला

२०७८।०७९ सालको निर्णय नं. २९८

पुनरावेदन नं. ०७६-RB-००१९

मुद्दाः– अग्रिमकर कट्टी (२०७०/०७१) ।

थाइलैण्डको कानून अनुसार दर्ता भई 179 Bangkok City Tower, 27th Floor, South Sathorn Road,Thungmahamek, Sathorn, Bangkok 10120, Thailand मा मुख्य कार्यालय रहेको र ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. ३ पाटनढोका, दरबारटोलमा नेपाल कार्यालय रहेको Detecon Asia-Pacific Ltd. को तर्फबाट ऐ. का अधिकारप्राप्त सन्चालक हाल Watermark Chao Phraya, Apartment 1559/451 (23rd Floor), Soi Charoen Nakorn 39-41, Charorn Nakorn Rd., Banglumpu Lang, Bangkok 10600, Thailand बस्ने वर्ष ४३ को Thomas Weir...१ } पुनरावेदक

विरुद्ध

आन्तरिक राजस्व कार्यालय, ललितपुर..१ } प्रत्यर्थी

शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व कार्यालय, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर अधिकृत श्री लाल बहादुर खत्री

शुरु कार्यालयको निर्णय मितिः– २०७५/११/२९

उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाटः- विद्वान अधिवक्ताद्धय श्री महेशकुमार थापा, श्री आकृती खनाल
प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः- विद्वान सहायक न्यायाधिवक्ता श्री विमला गौतम
अविलम्वित नजीरः ×

आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट मिति २०७५।११।२९ मा भएको निर्णय उपर करदाताले प्रशासकिय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा ६० दिन भित्र निर्णय नगरेको भनी आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा ८ बमोजिम यस न्यायाधिकरणमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

<u>**तथ्य खण्ड**</u>

१. नेपाल टेलिकमको कन्सल्टेन्सी सेवाको कार्य गर्ने करदाता श्री Detecon Asia-Pacific Ltd. को कर परीक्षणको सिलसिलामा आ.व. २०७०/०७१ को कारोवारको अनुसन्धानमुलक कर परीक्षण गरी मिति २०७५।११।१४ मा स्वीकृत अनुसन्धानमुलक कर लेखापरीक्षण प्रतिवेदनको आधारमा आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम प्रारम्भिक कर निर्धारण आदेश मिति २०७५।११।१४ मा जारी भएको।
२. प्रारम्भिक कर निर्धारण आदेश बमोजिम अग्रिम कर तिर्नु नपर्ने कारण भए १५ दिन भित्र ठोस प्रमाण पेश गर्न जारी भएको सूचना करदाताले मिति २०७५।११।१५ मा बुझीलिइ Overhead Expenses वास्तविक खर्चको सोधभर्ना रहेको संलग्न कागजातबाट पुष्टि हुने, नेपालको स्थायी संस्थापनलाई थाइल्याण्डको मुख्य कार्यालयले छुट्टै खास सेवा प्रवाह गरेको नभई भैपरी आउने खर्चहरु नेपाल र थाइल्याण्ड बिच भएको प्रचलित दोहोरो करबाट मुक्ति तथा बितीय छल निरोध सम्बन्धी सम्झौता अनुसार Charge गरेको हो, Overhead expenses मा अग्रिम कर कट्टी नपर्नेमा कट्टी सरह मानी अग्रिम कर कट्टीको रकम, ब्याज र दफा १२०(क) को शुल्क माग गर्न नमिल्ने हुँदा सोही बमोजिम निर्णय गरी पाउँ भन्ने समेत व्यहोराको करदाता Detecon Asia-Pacific Ltd. को तर्फबाट आन्तरिक राजस्व कार्यालय, ललितपुरमा मिति २०७५।११।२८ गते लिखित जवाफ पेश भएको ।
३. करदाताले आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशत अग्रिम कर कट्टी गरि दाखिला गर्नु पर्नेमा सो बमोजिम गरेको नदेखिएकोले १५ प्रतिशतले हुने अग्रिम कर रकम रु.२४,९९,८१२/-, सो रकममा सोही ऐनको दफा १२०(क) बमोजिम लाग्ने शुल्क रु.१२,४९,९०६/- दफा ११९ बमोजिम लाग्ने ब्याज रु.१७,४९,८६८/- समेत जम्मा

रु.५४,९९,५८६/- माग गर्ने भन्ने समेत आन्तरिक राजस्व कार्यालय ललितपुरबाट मिति २०७५/११/२९ मा भएको निर्णय ।

४. आन्तरिक राजस्व कार्यालय, ललितपुरले मिति २०७५/११/२९ मा गरेको आ.व. २०७०/०७१ को अग्रिम कर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी डेटेकन एशिया प्यासिफिक लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६/०१/२९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. पुनरावेदक करदाता Detecon Asia-Pacific Ltd ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६/०१/२९ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन आयकर ऐन, २०५८ को दफा ११५(८) बमोजिम ६० दिन भित्र निर्णय गरी सक्नु पर्नेमा नगरेकोले प्रस्तुत पुनरावेदन गरेको छु। आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिम अग्रिम कर, शुल्क र ब्याज समेत जम्मा रु.५४,९९,५८६/- माग गर्नु भएकोछ। अग्रिम कर निर्धारण गर्दा कर विवरण पेश गरेको चार वर्ष भित्र गरिसक्नु पर्नेमा ऐनले तोकिदिएको हदम्याद नघाई आन्तरिक राजस्व कार्यालय, ललितपुरले गरेको अन्तिम कर निर्धारण प्राकृतिक न्यायको सिद्धान्त विपरीत भएकोले बदरभागी छ। पुनरावेदकले नेपाल टेलिकमलाई सेवा दिएको हो र सो सेवा वापत नेपाल टेलिकमले भूक्तानी गरेको रकममा पुनरावेदकले लाग्ने कर तिरी सेकेको छ। मुख्य कार्यालयलाई खर्चको सोधभर्ना वापत भूक्तानी गरेको रकमलाई आयकर ऐन, २०५८ को दफा ८८(२) बमोजिम सेवा शुल्क भन्न मिल्दैन, अग्रिम कर लगाउन र तिर्न समेत पर्दैन। दुई स्वतन्त्र करदाताहरुको बिचमा सेवा शुल्क भुक्तानी गरेजस्तो मानेर अग्रिम कर लगाउनु कानूनको आधारभूत सिद्धान्तको बर्खिलाप भएकोले पुनरावेदकका कर्मचारीहरुले बैंकक स्थित मुख्य कार्यालयबाट नै पारिश्रमिक लिएका हुँदा निजहरुले नेपालको व्यवसाय र मुख्य कार्यालयको व्यवसायमा गरेको समय लगानी तथा भएको खर्चको आधारमा जम्मा खर्चको हिसाव गरी नेपालको व्यावसायको लागि गरेको खर्चको सोधभर्ना माग गरेकोसम्म हो, सेवा दिएको होइन। पुनरावेदकले गर्नुपर्ने खर्चको रकमलाई मुख्य कार्यालयले गरी सोधभर्नासम्म माग गरेको हुँदा आयकरको कुनै गुन्जायस नभएकोले विपक्षी कार्यालयबाट भएको अग्रिम कर निर्धारण बदरभागी रहेको र आयकर ऐन, २०५८ को दफा १२०(क) बमोजिम गरेको शुल्क समेत नियमसँगत नदेखिएको हुँदा बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाता Detecon Asia-Pacific Ltd का तर्फबाट मिति २०७६/०४/२९ मा यस न्यायाधिकरणमा परेको पुनरावेदन पत्र ।

६. यसमा मुलुकी फौजदारी कार्याविधि सहिता २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०७६।१०।०३ को यस न्यायधिकरणबाट भएको आदेश।

ठहर खण्ड

७. नियम बमोजिम साप्ताहिक तथा दैनिक पेशी सुचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता Detecon Asia-Pacific Ltd का तर्फबाट उपस्थित हुनु भएका विद्धान अधिवक्ताद्धय श्री महेशकुमार थापा र श्री आकृति खनालले पुनरावेदक Detecon Asia-Pacific Ltd. थाइल्याण्डमा दर्ता भएको कम्पनी हो, नेपालमा यसको छुट्टै कानूनी अस्तित्व वा हैसियत छैन। पुनरावेदक कम्पनीले नेपाल टेलिकमलाई सेवा उपलब्ध गराएको हो। नेपाली कम्पनीलाई सेवा उपलब्ध गराए वापत नेपालको स्थायी संस्थापन कार्यालयसंग आनुपातिक हिसाबमा मूख्य कार्यालयको खर्च सोधभर्ना माग गरेको र स्थायी संस्थापन कार्यालयले सो सम्बन्धि खर्च मूख्य कार्यालयलाई सोधभर्ना सम्म गरेको हो। मूख्य कार्यालयले स्थायी संस्थापनलाई सेवा दिन सक्ने नै हुँदैन। यस्तोमा सेवा दिएको मानी अग्रिम कर र शुल्क माग गर्नु सन्धि ऐनको दफा ९(१), दोहोरो करमुक्ती संझौताको दफा ७(३) विपरित हुन्छ तसर्थ पुनरावेदक करदाता स्थायी संस्थापनले मूख्य कार्यालयलाई भुक्तानी गरेको खर्च वास्तविक भएकोले उक्त खर्चको भुक्तानी सेवा शुल्क नहुँदा शुरु कार्यालयले अग्रिम कर माग गर्ने गरी भएको अग्रिम कर निर्धारण, शुल्क र ब्याज समेतको आदेश त्रुटिपुर्ण हुँदा बदर गरी पाउँ भनी बहस प्रस्तुत गर्नु भयो ।

८. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय, काठमाडौका विद्धान सहायक न्यायाधिवक्ता श्री विमला गौतमले पुनरावेदक नेपालमा दर्ता भएको छ। दोहोरो करमुक्ती सम्बन्धी सम्झौता आयकर प्रयोजनका लागि आकर्षित हुने हो। पुनरावेदक र नेपाल टेलिकम बिच परामर्श सेवा उपलब्ध गराउने गरी सम्झौता भएको र थाइल्याण्ड स्थित मूख्य कार्यालयलाई नेपाल स्थित स्थायी संस्थापनले सेवा प्रवाह गरेको मानी **Overhead Expenses** भनी भुक्तानी गरेको रकममा दफा ८८(१) बमोजिमको अग्रिम कर, १२०(क) बमोजिमको शुल्क र दफा ११९ बमोजिमको ब्याज समेत माग गरेको शुरु कार्यालयको निर्णय कानुनसम्मत हुँदा सदर कायम हुनु पर्छ भनी बहस गर्नु भयो।

९. उपर्युक्त बहस समेत सुनी मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको अग्रिम कर निर्धारणको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने भई मुल विवाद निरोपणको लागि देहायका प्रश्नमा विवेचना गर्नुपर्ने देखिन आयोः-

(क) पुनरावेदक करदाताबाट राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(क) को परिपालना भएको छ वा छैन?

(ख) करदातालाई आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम लगाएको अग्रिम कर न्यायोचित छ वा छैन ?

१०. सर्व प्रथम सहकर्मी लेखा सदस्यले प्रस्तुत मुद्दामा करदाताले राख्नु पर्ने धरौटी रकमको सम्बन्धमा फरक राय प्रकट गर्नु भएकोले पुनरावेदक करदाताले यस न्यायाधिकरणमा यो पुनरावेदन दर्ता गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) (क) को परिपालना गरेको देखिन्छ वा देखिदैन भन्ने प्रश्न तर्फ विचार गर्नुपर्ने देखियो। राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने कानूनी व्यवस्था गर्दै खण्ड (क) मा कर निर्धारण भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले नै तोकिदिएको कार्यालयमा भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्था बमोजिम धरौटी राखेको सम्बन्धमा करदाताले पुनरावेदन पत्रमा विवादित रकम रु.५४,९९,५८६/- रहेको, सोको प्रशासकीय पुनरावलोकनमा निवेदन पेश गर्दा ३३ प्रतिशत रु.१८,३३,१९६।- दाखिला गरेको र राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्दा रु ९,१७,०००।- धरौटी वापत जम्मा गरिएको छ भनी व्यहोरा लेखी भौचरको प्रति समेत संलग्न गरेको देखियो। यसरी कर निर्धारण रकम रु.५४,९९,५८६/- रहेको र धरौटी वापत दाखिल गरेको रकम रु. २७,५०,१९६।- भई विवादित कर रकमको पचास प्रतिशत रकम भन्दा बढी जम्मा भएको मिसिलबाट देखियो। रकम जम्मा गर्दा धरौटी खातामा जम्मा नगरी राजश्व खातामा जम्मा भएको कारणले मात्र करदाताले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(क) को परिपालना नगरेको भन्नु न्यायोचित हुने देखिएन।

११. अब दोस्रो प्रश्न तर्फ विचार गर्दा, करदाता डेटेकन एशिया प्यासिफिक लि. थाइलैण्डमा दर्ता भएको कम्पनी रहेको, उक्त कम्पनीले नेपाल दुरसंचार कम्पनी लि.को अन्तराष्ट्रिय बोलपत्रमा भाग लिई नेपाल दुरसंचार कम्पनी लि.परामर्श सेवा प्रदान गर्ने ठेक्का प्राप्त गरेको र नेपालमा सेवा दिनु पर्ने कारणले नेपालमा उक्त कम्पनीको स्थायी संस्थापना रहेको देखियो। यसरी पुनरावेदक करदाता डेटेकन एशिया प्यासिफिक लि.थाईलैण्डमा दर्ता भएको कम्पनी (मुख्य कार्यालय) को स्थायी संस्थापन भएको कुरामा विवाद देखिदैन। स्थायी संस्थापन र मुख्य कार्यालयको अलग कानुनी अस्तिस्व हुने नहुने सन्दर्भमा आयकर ऐन, २०५८ को दफा २ को परिभाषा खण्डको (कद) मा रहेको स्थायी संस्थापनको परिभाषा हेर्दा "स्थायी संस्थापन" भन्नाले कुनै व्यक्तिले पूर्ण वा आंशिक रुपमा व्यवसाय संचालन गर्ने स्थान सम्झनु पर्छ र सो शब्दले देहायका स्थान समेतलाई जनाउँछः-

(१) व्यवसाय संचालन गर्ने सामान्य क्रममा स्वतन्त्र हैसियतले कार्य गर्ने साधारण एजेण्ट बाहेक कुनै एजेणट मार्फत कुनै व्यक्तिले पुर्ण वा आशिक रुपमा व्यबसाय गर्ने स्थान,

(२) कुनै व्यक्तिको मुख्य उपकरण वा मुख्य मेशिनरी रहेको वा प्रयोग गरेको वा जडान गरेको स्थान,

(३) कुनै बाह्र महिनाको अवधिमा एकै पटक वा पटक पटक गरी नब्बे दिनभन्दा बढी कुनै व्यक्तिले कर्मचारी मार्फत वा अन्य प्रकारले प्राविधिक व्यवसायिक वा परामर्श सेवा प्रदान गरेको कुनै देशको एक वा एक भन्दा बढी स्थान,वा

(४)कुनै व्यक्तिले नब्बे दिन वा सोभन्दा बढी समयसम्म निर्माण गर्ने जडान गर्ने वा स्थापना गर्ने आयोजनामा सम्लग्न रहेको स्थान तथा सो आयोजनामा रहेको स्थान तथा सो आयोजनाको सुपरिवेक्षण सम्बन्धी क्रियाकलाप संचालन गरेको स्थान।

१२. नेपाल र थाइलैण्ड बीच भएको दोहोरो करमुक्ती तथा छल निरोध सन्धिको धारा ५ (१) मा For the purpose of this Agreement, the term 'permanent establishment' means a fixed place of business through which the business of an enterprise is wholly or partly carried on. भनी उल्लेख भएको पाईन्छ। यसरी माथि उल्लेख भएको व्यबस्थाबाट मुख्य कार्यालय र स्थायी संस्थापन कर प्रयोजनका लागि दुइ अलग अलग निकाय रहेको भन्ने बुझ्नु पर्ने हुन्छ।

१३. करदातालाई आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम लगाएको अग्रिम कर न्यायोचित छ वा छैन भन्ने प्रश्न तर्फ हेर्दा, मुल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २ (च) बमोजिम **"सेवा"** भन्नाले बस्तु बाहेकको जुनसुकै कुरा सम्झनु पर्छ भनि उल्लेख गरिएको छ भने आयकर ऐन, २०५८ को दफा २ (कम) बमोजिम **"सेवा शुल्क"** भन्नाले कुनै व्यक्तिले उपलब्ध गराएको सेवा बापत निजलाई बजार मुल्य अनुसार भुक्तानी गरिएको कुनै शुल्क सम्झनु पर्छ र सो शब्दले कमिशन, बैठक भत्ता, व्यबस्थापन शुल्क वा प्राविधिक सेवा शुल्कलाई समेत जनाउँछ भनि उल्लेख गरिएको पाईन्छ। यसबाट स्थायी संस्थापन र मुख्य कार्यालय बीच कुनै सेवा आदान प्रदान हुन नसक्ने भन्ने पुनरावेदकको जिकिर तर्फ हेर्दा कर प्रयोजनका लागी स्थायी संस्थापन र मुख्य कार्यालय दुई स्वतन्त्र निकाय हुने हुँदा दुई स्वतन्त्र निकायले कुनै सम्झौता गरी वा नगरी कुनै सेवा खरिद विक्री गर्न नसक्ने भन्ने अर्थ गर्न मिल्ने देखिँदैन। यसै गरी आयकर ऐन, २०५८ को दफा ८८ (१) मा वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको व्याज, प्राकृतिक स्रोत, भाडा, रोयल्टी, सेवा शुल्क, कमिशन, बिक्री बोनस, अवकाश भुक्तानी र अन्य कुनै प्रतिफल तथा अवकाश भुक्तानीको रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको पन्ध्र प्रतिशतका दरले कर कट्टी गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ। जहासम्म मुख्य कार्यालयले दावी गरेको प्रशासनिक खर्च अन्तर्गत Overhead Expenses शिर्षकमा मुख्य कार्यालयलाई भुक्तानी गरेको सोधभर्ना खर्चलाई सेवाशुल्क मानी अग्रिमकर माग गरेको भन्ने प्रश्न छ त्यस तर्फ हेर्दा मुख्य कार्यालयले

स्थायी संस्थापनको व्यवसाय संचालनका लागि गरेको लगानी (शुरुमा कार्यालय स्थापना गर्दाको खर्च, मुख्य कार्यालयको कर्मचारी तलब भत्ता सुविधा, भ्रमण खर्च, बैक कमिशन एवं कार्यालय भाडा वापत भएको खर्च,) जस्ता खर्चहरु आनुपातिक रुपमा स्थायी सस्थापनको दायित्व भित्र पर्ने नै हुँदा उक्त खर्चहरुलाई मुख्य कार्यालयको आय मान्न नमिल्ने हुँदा त्यस्ता खर्चहरु स्वतः सेवा शुल्क भित्र पर्ने देखिएन। Overhead Expenses अन्तर्गतका त्यस भन्दा बाहेकका शिर्षकका खर्चहरुमा मुख्य कार्यालयको लगानी हुने नभई मुख्य कार्यालयलाई लाभ वा आय हुने प्रकृतिका खर्चहरु सेबाशुल्क नै हुन भनी मान्नु पर्ने नै हुन्छ।

१४. नेपाल र थाइलैण्ड बीच भएको दोहोरो करमुक्ती तथा छल निरोध सम्झौताको व्यवस्था अनुरुप नेपाल स्थित स्थायी संस्थापनले मुख्य कार्यालयलाई भुक्तानी गरेको रकममा कर माग गर्दा दोहोरो पर्न जाने भई सम्झौता विपरित हुने हुँदा कर माग गर्नु हुदैन भन्ने पुनरावेदक करदाताको जिकिर सम्बन्धमा हेर्दा, दोहोरो करमुक्ती तथा छल निरोध सम्झौताको धारा ७(३) मा स्थायी संस्थापनले मुख्य कार्यालयले गरेको वास्तविक खर्चको सोधभर्ना दिएको रहेछ भने त्यस्तो खर्चलाई स्थायी संस्थापनको मुनाफा गणना गर्दा कट्टा गर्न पाउने तर शुल्क रोयल्टी वा यस्तै अन्य रकम भुक्तानी गरेको रहेछ भने खर्च कट्टी गर्न नपाउने भन्ने व्यवस्था र आयकर ऐन २०५८ को दफा ८८(१) बमोजिम मुख्य कार्यालयको वास्तविक खर्चको सोध भर्ना बाहेकका रकममा कर माग गर्नुलाई अन्यथा मान्न नसकिने हुँदा करदाताको आ.ब.२०७०/०७१ को अग्रिम कर निर्धारण गर्दा थाईल्याण्ड स्थित मूख्य कार्यालयको कर्मचारी तलब भत्ता सुविधा, भ्रमण खर्च, बैक कमिशन एवं कार्यालय भाडा वापतको खर्चलाई समेत सेवा शुल्क मानी अग्रिम कर निर्धारण गरेको हदसम्म शुरु कार्यालयको निर्णयलाई कानुनसम्मत भन्न मिल्ने अबस्था देखिएन। त्यसैले त्यस्ता वास्तविक खर्चको सोधभर्ना बाहेक अन्य रकम यकिन गरी कानुन बमोजिम पुनःअग्रिम कर निर्धारण गर्नको लागि मिसिल शुरु कर कार्यालयमा पठाउनु उपयुक्त हुने देखियो।

१५. तसर्थ माथि विवेचित आधार र कारणबाट स्थायी लेखा नं.६००७०१९६७ भएका पुनरावेदक करदाता **Detecon Asia-Pacific Ltd**. को आ.ब.२०७०/०७१ को अग्रिम कर निर्धारण गर्दा मूख्य कार्यालयको कर्मचारी तलब भत्ता सुविधा, भ्रमण खर्च, बैक कमिशन एवं कार्यालय भाडा वापतको वास्तविक खर्चलाई समेत सेवा शुल्क मानी अग्रिम कर निर्धारण गरेको शुरु आन्तरिक राजस्व कार्यालय ललितपुरको मिति २०७५।११।२९ को निर्णय मिलेको नदेखिदा उल्टी भई बदर हुने ठहर्छ। अब पुनरावेदक करदाताको माथीका प्रकरणमा उल्लेखित वास्तविक खर्च कटाई बाँकीको मात्र पुनः अग्रिम कर निर्धारण गर्नु भनि फाइल आन्तरिक राजस्व कार्यालय ललितपुरमा पठाई दिनु। पुनरावेदकको अन्य पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपशिल बमोजिम गर्नू ।

तपशिल खण्ड

१. माथि ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाता Detecon Asia-Pacific Ltd. को आ.ब.२०७०/०७१ को अग्रिम कर निर्धारण गर्दा मूख्य कार्यालयको कर्मचारी तलब भत्ता सुविधा, भ्रमण खर्च, बैंक कमिशन एवं कार्यालय भाडा वापतको वास्तविक खर्चलाई समेत सेवा शुल्क मानी अग्रिम कर निर्धारण गरेको शुरु आन्तरिक राजस्व कार्यालय ललितपुरको मिति २०७५।११।२९ को निर्णय मिलेको नदेखिदा उल्टी भई बदर हुने ठहरी फैसला भएकोले अब पुनरावेदक करदाताको मूख्य कार्यालयको कर्मचारी तलब भत्ता सुविधा, भ्रमण खर्च, बैंक कमिशन एवं कार्यालय भाडा वापतको वास्तविक खर्च कटाई बाँकीको मात्र पुनः अग्रिम कर निर्धारण गर्नु भनि फाइल आन्तरिक राजस्व कार्यालय ललितपुरमा लेखिपठाइ दिन।

२. फैसलाको जानकारी बिशेष सरकारीवकिलको कार्यालय काठमाण्डौलाई दिनू।

३. नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

४. फैसलाको विधुतिय प्रति अपलोड गरी प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

गोविन्दप्रसाद अधिकारी
(राजस्व सदस्य)

लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईंको फरक राय

यसमा आन्तरिक राजस्व कार्यालय ललितपुरका प्रमुख कर अधिकृत लाल बहादुर खत्रीबाट भएको मिति २०७५।११।२९ को निर्णय र प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६।०१।२९

मा दिएको निवेदन उपर आन्तरिक राजश्व विभागबाट साठी दिन भित्र निर्णय नगरेको भनि शुरु कार्यालयको निर्णय उपर चित्त नबुझि आयकर ऐन ,२०५८ को दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा ऐ. ऐनको दफा ९ को उपदफा (१) बमोजिम निर्धारित (विवादित) कर रु.५४,९९,५८६/- को पचास प्रतिशतले हुने पुनरावेदन धरौटी रु.२७,४९,७९३/- वापत भौचर नं उल्लेख नभएको मिति २०७६।०४।२८ मा चेक बुझाएको अप्रमाणित फोटोकपी भौचर अनुसारको रु.९,१७,०००/- लाई धरौटी हो भनेको रकम घटाउँदा पनि रु.१८,३२,७९३।- न्यून भएको अवस्थामा धरौटी रकम पुगे/नपुगेको यकिन नगरी स्रेस्तेदारबाट स्वीकृत भई मिति २०७६।०४।२९ मा पुनरावेदन दर्ता गरेको देखियो ।

१) आयकर ऐन,२०५८ को दफा ११५ को उपदफा (६) मा तोकिए बमोजिम प्रशासकीय पुनरावलोकनको लागि मिति २०७६।०१।२९ मा निवेदन दिँदा विवादरहित कर रु.०।- र विवादित कर रु.५४,९९,५८६/- को ३३ प्रतिशतले हुने रु.१८,१४,८६३।३८ समेत रु.१८,१४,८६३।३८ दाखिला गर्नु पर्नेमा अग्रिम दाखिला गरेको रु.०।- तथा भौचर नं ०७६३९३११ मिति २०७५।१२।२१ राजस्व शिर्षक नं ११९२४ मा रु.१८,३३,१९६/- समेत रु.१८,३३,१९६/- मात्र दाखिला गरेको अप्रमाणित फोटोकपी भौचरबाट देखिएको छ। ऐ. ऐनको दफा ११६ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएको मिति २०७६।०१।२९ पश्चात राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्न विवादित करको पचास प्रतिशतले हुने रु.२७,४९,७९३/- धरौटी राख्नु पर्नेमा धरौटी वा राजस्व नखुलेको, भौचर नं उल्लेख नभएको, मिति २०७६।०४।२८ मा चेक बुझाएको अप्रमाणित फोटोकपी भौचरको रु.९,१७,०००/- उल्लेख गरेको धरौटी भनेको रकम घटाउँदा पनि पुनरावेदन दर्ता गर्दा दाखिला गर्नु पर्ने रु.१८,३२,७९३।- धरौटी न्यून देखिएको छ।

प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गर्दा लाग्ने धरौटी सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यवस्था तथा प्रशासकीय पुनरावलोकन र राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राखु पर्ने धरौटी सम्बन्धी विवादमा सर्वोच्च अदालतबाट संवैधानिक परीक्षण भई जारी भएको उत्प्रेषण आदेश, प्रतिपादित नजिर तथा सिद्धान्त सहितको संक्षिप्त तथ्य र मुद्दाको ठहर यस प्रकार रहेको छः-

२) आयकर ऐन,२०५८ बमोजिम शुरु कार्यालयबाट निर्धारित थप करको पचास प्रतिशत रकम र

जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने व्यहोरा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (क) मा स्पष्ट उल्लेख गरेकोछ । सो व्यवस्था बमोजिम राखिने धरौटी आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६२, हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६३ बमोजिमको धरौटी खातामा दाखिला गरी पुनरावेदन दर्ता गर्दाका बखत राखिएको धरौटीको गोश्वारा र व्यक्तिगत धरौटी खातामा अभिलेखाङ्कन गरी अद्यावधिक गरी राख्नु पर्ने हुन्छ । आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२ को देहाय खण्ड (क) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व अग्रिम रुपमा बुझाउन र खण्ड (ख) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व कति बुझाउनु पर्ने भन्ने निर्णय नहुँदै त्यस्तो राजस्व रकम अग्रिम रुपमा बुझाउनु परेमा धरौटीको रुपमा राख्नु पर्ने उल्लेख छ।

३) राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) मा उल्लेख भए अनुसार पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी रकम सन्दर्भमा सम्मानित सर्वोच्च अदालतमा सूर्य टोवाको कम्पनी प्रा.लि.को तर्फबाट सञ्चालक हर्ष एम दर र ऐ. कम्पनीको शेयरवाला शशीराज पाण्डे समेत विरुद्ध राजस्व न्यायाधिकरण काठमाण्डौ समेत भएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेतसँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरिपाउन भनी दिएको रिट नं २०६३-WS-००१३, २०६३-WS-००१४, २०६३-WS-००१५, २०६३-WS-००१६ र २०६३-WS-००१७ समेतका रिट निवेदनमा “राजस्व न्यायाधिकरणका श्रेस्तेदारको मिति २०६४।१२।८ को दरपीठ आदेश र उक्त दरपीठ सदर गरेको राजस्व न्यायाधिकरणको आदेश बदर गरी विना धरौटी पुनरावेदन पत्र लिई कानून बमोजिम निर्णय गर्नु भन्ने राजस्व न्यायाधिकरणका नाउँमा परमादेश जारी गरी पाऊँ, अन्तःशुल्क ऐन, २०५८ को दफा २३ मा महानिर्देशकको निर्णय उपर पुनरावेदन गर्दा धरौटी राख्नु पर्ने कुनै कानूनी व्यवस्था नगरिएको तथा ऐनको दफा २४ ले यस ऐनलाई अन्य कानून भन्दा माथिल्लो स्तरमा राखेकोले ऐनको सर्वोच्चताका आधारमा पनि धरौटी राख्नु पर्ने राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेत सँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरी प्रस्तुत निवेदनलाई अग्राधिकारमा पेशी चढाई पाउँ” भन्ने दावी रहेकोमा सो दावीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०६६।१२।१९ मा "संविधानमा रहेको 'कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने' भन्ने वाक्यांशसँग बाझिएको भन्ने देखिन आएन, अमान्य र बदर घोषित गरीपाउँ भनी दावी लिएको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को व्यवस्था संविधानको कुनै पनि प्रावधानसँग बाझिएको नदेखिंदा सो हदसम्म प्रस्तुत निवेदन खारेज हुन्छ"

भन्ने आदेश भई रिट निवेदन खारेज भई ऐनको दफा ९ को कानूनी व्यवस्थाको संवैधानिक परीक्षण समेत भएको छ।

४) यसै गरी राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन दर्ता नं ०७५-RB-०२३० आयकर (२०७०/०७१) दर्ता भएको आयकर ऐन,२०५८ को दफा १०१ को उपदफा (१) बमोजिम लक्ष्मी स्टिल्स प्रा.लि. को संशोधित कर निर्धारण भई थप कर निर्धारण भएकोमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी राखी पुनरावेदन गर्नु पर्नेमा मिसिलमा संलग्न दाखिला भौचर तथा आयकर ऐन,२०५८ को दफा १०२ बमोजिमको सूचना पत्र समेतका विवरणहरुका आधारमा रु. ५१,७८,७४६।७० नपुग भएको देखिएको धरौटी रकम १५ दिनभित्र जम्मा गर्न लगाई आदेश बमोजिमको काम सम्पन्न भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्ने भन्ने यसै न्यायाधीकरणबाट आदेश भएको छ। सो आदेश उपर लक्ष्मी स्टिल्स प्रा.लि.ले सर्वोच्च अदालतमा दायर रिट नं. ०७७-WO-००४२ को निवेदन उपर मिति २०७७।४।१६ मा सर्वोच्च अदालतबाट जारी भएको उत्प्रेषण आदेश अनुसार सो मुद्दाको हकमा आयकर ऐन,२०५८ बमोजिम अनिवार्यरुपमा दाखिला गर्नु पर्ने ऐ ऐनको दफा ९४, ९९, १००, १०१ र दफा ११५ को उपदफा (६) मा तोकिए अनुसार समेत कर राजस्व खातामा दाखिला गरी आय विवरण साथ दाखिला भएको देखिएको रु.७६,३५,६१४।- भएको सन्दर्भमा हेर्दा मिति २०७६।११।१२ को *(शुल्क र व्याजलाई जरिवाना मानी सो रकमको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को खण्ड (क) बमोजिम शतप्रतिशत धरौटी माग गर्दा ५० प्रतिशत मात्र धरौटी राख्न पाउनु पर्ने भनी भएको विवाद)* विवादित आदेशको यथावत कार्यान्वयन भएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिएकोले उक्त विवादको निरोपण नहुँदासम्म राजस्व न्यायाधिकरणमा परेको पुनरावेदन सम्बन्धी काम कारवाही नरोक्नु, पुनरावेदन दर्ता र सुनुवाई प्रकृया अगाडि वढाउनु भन्ने उक्त निवेदन उपर सम्मानित सर्वोच्च अदालतबाट उत्प्रेषण आदेश भएको छ।

५) सर्वोच्च अदालतबाटै ०७२-RB-०४७० आयकर (२०६१।६२) पुनरावेदक ठूला करदाता कार्यालय प्रत्यर्थी सूर्य नेपाल प्रा.लि. विरुद्धको मुद्दामा मिति २०७४।१०। २९ गते भएको फैसला अनुसार "राजस्व न्यायाधिकरणले गरेको आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (६) बमोजिमको प्रक्रिया पुरा गर्नु नपर्ने भनी गरेको व्याख्या कार्यविधि कानूनको सिध्दान्त विपरीत हुन्छ। कारवाही हुँदाका बखत कार्यान्वयनमा नै नरहेको कानूनी व्यवस्था आकर्षित हुने भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई न्यायोचित भन्न मिलेन। अतः विवेचित तथ्य सिध्दान्त एवं प्रमाणको आधारमा आयकर ऐन, २०५८ को दफा ११५ उपदफा (६) को व्यवस्था आर्थिक अध्यादेश २०६१।६२ बाट खारेज भई धरौटी राख्ने व्यवस्था नगरेकोले आन्तरिक राजस्व विभागको निर्णय बदर गरी अब जो जे बुझ्नु पर्छ बुझी पुनः यकिन निर्णय गर्नु भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई

कानूनसम्मत मान्न मिलेन। उक्त फैसला बदर भई उल्टी हुने ठहर्छ" भनिएको छ।

६) प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गर्दाका वखत राख्नु पर्ने धरौटी दाखिला भएको नदेखिएको सन्दर्भमा पुनरावेदक तथा प्रत्यर्थी तर्फका विद्वानलाई म लेखा सदस्यबाट धरौटी रकम दाखिला भएको देखिएन भनि प्रष्ट पार्न अनुरोध गर्दा पुनरावेदकको तर्फका विद्वान अधिवक्ताद्वय श्री महेश कुमार थापा र श्री आकृती खनालबाट निर्धारित करको तोकिए अनुसारको रकम अग्रिम दाखिला भएकोले सोको आधारमा पुनरावेदन दर्ता भएको हो भन्ने बहस र प्रत्यर्थी तर्फका विद्वान सहायक न्यायाधिवक्ता श्री विमला गौतमबाट राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने विवादित कर रकमको पचास प्रतिशतले हुने धरौटी रकम दाखिला गरेको देखिएन।सो सम्वन्धमा सम्मानित इजलासबाट यकिन गरी नियमानुसार हुने नै छ भन्ने बहस समेत सुनियो ।

७) उल्लिखित सर्वोच्च अदालतबाट रिट नं. ०७२-RB-०४७० आयकर (२०६१।६२) र माथि उल्लिखित रिट नं २०६३-WS-००१३ समेतका रिट निवेदनमा भएको फैसलाका आधारमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिँदा आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (६) मा तोकिए बमोजिमको रकम दाखिला गरेपछि मात्र प्रशासकीय पुनरावेदन लाग्ने र राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी जम्मा गरेपछि मात्र प्रशासकीय पुनरावलोकनको निर्णयको विरुद्धमा राजस्व न्यायाधिरणमा मुद्दा लाग्ने व्यवस्था भएकोले ऐनमा स्पष्टरुपमा तोकिएको र सम्मानित सर्वोच्च अदालतका उल्लिखित फैसलामा उल्लेख भए अनुसार नै कर रकम र धरौटी रकम दाखिला भएको प्रमाण संलग्न गराएर मात्र दर्ता प्रकृया अगाडि बढाउनु पर्ने देखिन्छ। अतः सर्वोच्च अदालतको मिति २०६६।१२।१९ को आदेशबाट समेत संवैधानिक परीक्षण भई सदर ठहरिएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) “प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा वा उच्च अदालतमा पुनरावेदन गर्दाका देहायबमोजिम धरौट नराखी पुनरावेदन लाग्ने छैन” भन्ने व्यवस्था रही ऐ. को खण्ड (क) मा आयकर तर्फ राख्नु पर्ने विवादरहित कर बाहेकको थप निर्धारित (विवादित) कर रु.५४,९९,५८६/- को पचास प्रतिशतले हुने धरौटी रु.२७,४९,७९३/- दाखिला गर्नु पर्नेमा धरौटी वा राजस्व नखुलेको, भौचर नं उल्लेख नभएको, मिति २०७६।०४।२८ मा चेक बुझाएको अप्रमाणित फोटोकपी भौचरको रु.९,१७,०००/- उल्लेख गरेको धरौटी भनेको रकम घटाउँदा पनि नपुग रु.१८,३२,७९३।– समेतको पुनरावेदन धरौटी दाखिलाको सक्कल बैक भौचर वा निस्सा १५ दिनभित्र पुनरावेदकलाई दाखिला गर्न लगाई सो आदेश बमोजिमको काम सम्पन्न भएपछि वा सो अवधि नाघेपछि नियमानुसार पेश गर्ने आदेश गर्नु उपयुक्त हुने राय म लेखा सदस्यबाट राख्दा मेरो उक्त रायमा असहमति जनाउँदै माननीय अध्यक्ष र राजस्व सदस्यबाट फैसला गर्ने निर्णय भएकोमा राजस्व न्यायाधिकरण ऐन २०३१ को दफा ९ को

उपदफा (१) बमोजिम हुने रु.२७,४९,७९३/- धरौटी नराखी पुनरावेदन दर्तै नलाग्ने पुनरावेदन दर्ता भएको देखिएकोले सो राय तथा ठहर सहितको फैसलामा सहमत हुन सकिएन।

८) अतः राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी सम्बन्धमा आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२, सर्वोच्च अदालतबाट रिट नं २०६३-WS-००१३ समेतका रिट निवेदन र मुद्दा नं. ०७२-RB-०४७० आयकर (०६१।६२) का फैसलामा भएको व्याख्या, विश्लेषण र प्रतिपादित सिद्धान्त तथा ठहर समेत बमोजिम पनि अनिवार्य रुपमा राख्नु पर्ने धरौटी नराखी दर्ता भएको मुद्दाको तथ्य भित्र प्रवेश गरी निर्णय गर्नु पर्ने औचित्य नै नभएको प्रस्तुत मुद्दामा माननीय अध्यक्ष र राजस्व सदस्यबाट *"स्थायी लेखा नं.६००७०१९६७ भएका पुनरावेदक करदाता* ***Detecon Asia-Pacific Ltd****. को आ.ब.२०७०/०७१ को अग्रिम कर निर्धारण गर्दा मूख्य कार्यालयको कर्मचारी तलब भत्ता सुविधा, भ्रमण खर्च, बैंक कमिशन एवं कार्यालय भाडा वापतको वास्तविक खर्चलाई समेत सेवा शुल्क मानी अग्रिम कर निर्धारण गरेको शुरु आन्तरिक राजस्व कार्यालय ललितपुरको मिति २०७५।११।२९ को निर्णय मिलेको नदेखिदा उल्टी भई बदर हुने ठर्हछ। अब पुनरावेदक करदाताको माथीका प्रकरणमा उल्लेखित वास्तविक खर्च कटाई बाँकीको मात्र पुनः अग्रिम कर निर्धारण गर्नु भनि फाइल आन्तरिक राजस्व कार्यालय ललितपुरमा पठाई दिनु। पुनरावेदकको अन्य पुनरावेदन जिकिर पुग्न सक्दैन।"* भनि भएको बहुमत सदस्यको फैसलामा सहमत हुन नसकी देहाय बमोजिम फरक राय सहितको ठहर गर्दछुः-

आयकर ऐन,२०५८ को दफा १०२ बमोजिमको सूचनापत्रमा उल्लेख गरिए अनुसारको थप निर्धारित कर रु.५४,९९,५८६/- को पचास प्रतिशतले हुने राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (क) बमोजिमको रु.२७,४९,७९३/- धरौटी नराखी पुनरावेदन दर्ता भएको देखिएको प्रस्तुत पुनरावेदन राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम दर्ता हुँदा कै बखत देखि खारेज हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन । नियमानुसार जानकारी दिई लगत कट्टा गर्नू।

(पुष्प प्रसाद गुरागाईं)

लेखा सदस्य

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृतः श्री भिष्म भट्टराई

इति सम्बत २०७९ साल असार ६ गते रोज २ शुभम......................

प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्नेः- राजस्व न्यायाधिकरण काठमाण्डौको छाप